# आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम एवम् वजेटका प्राथमिकता र उद्देश्यहरु

नासौं गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

धारापानी, मनाङ

गण्डकी प्रदेश, नेपाल

२०७६ जेष्ठ

# नासौँ गाउँपालिकाको ऐतिहासिक चौथो गाउँसभाको बैठकमा गाउँपालिका अध्यक्ष श्री चन्द्र घलेज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम एवम् वजेटका प्राथमिकता र उद्देश्यहरु

२०७६ साल ज्येष्ठ १३ गते

नासौँ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

धारापानी, मनाङ

गण्डकी प्रदेश, नेपाल

२०७६ जेष्ठ

नासौं गाउँपालिका उपाध्यक्ष ज्यू,
उपस्थित गाउँसभाका सम्पूर्ण सदस्यहरु ।

१. नेपालको संविधानले परिकल्पना गरेको साधनस्रोत र अधिकारसम्पन्न स्थानीय सरकारको तर्फबाट आगामी आ.ब. २०७६।७७ को बजेट तैयारीको पूर्वसन्ध्यामा नीति तथा कार्यक्रम पेश गर्न पाउँदा अत्यन्तै खुशी प्रकट गर्न चाहन्छु । विगतको केन्द्रीकृत र एकात्मक व्यवस्थाको अन्त्य गरी स्थानीय स्वशासन सहितको संघीय व्यवस्था स्थापना गर्न महत्वपूर्ण योगदान पुर्याउने अमर शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । मुलुकको अग्रगामी परिवर्तनमा अतुलनीय योगदान पुर्याउनुहुने राजनैतिक अग्रजहरु, ऐतिहासिक जनआन्दोलन, सशस्त्र विद्रोह, जनयुद्ध लगायत विभिन्न संघर्षहरुमा त्याग र बलिदान गरी समुन्नत नेपालको परिकल्पना गर्ने सम्पुर्ण महानुभावहरु, वेपत्ता परिवार, घाईते एवम् द्वन्द्वपीडित परिवारमा हार्दिक सम्मान व्यक्त गर्दै स्मरण गर्न चाहन्छु ।

२. हामी हाम्रो अग्रगामी संविधानले नेपाली जनतालाई प्रदान गरेको हक र अधिकारलाई जनतासामु लैजान हरहमेशा प्रयास गरिराखेका छौं । भलै यो समयमा हामीसँग कमजोर संस्थागत क्षमता र न्युन साधन स्रोत छ । नेपालमा नवीन प्रयोग भैरहेको संघीय अभ्यास सिक्दै, योजना वनाउँदै र यसको कार्यान्वयन गर्दै अगाडी बढिरहेका छौं । यसै सिलसिलामा म चालु आ.ब.मा भैरहेका गतिविधिहरुको बारेमा संक्षिप्त वर्णन गर्न चाहन्छु ।

३. चालु आ.ब.२०७५।७६ मा गत वर्ष पारित योजना तथा कार्यक्रमहरुको कार्यान्वयन गर्दै गर्दा नासौं गाउँपालिकामा महत्वपूर्ण उपलब्धिहरु हासील भएका छन् । नासौं गाउँपालिकाले उच्च महत्वका साथ परिकल्पना गरेको आवासीय सुविधासहितको विद्यालय श्री प्रकाश ज्योति मा.वि.मा यसै शैक्षिकसत्रबाट सुरुवात भएको छ, नासौं गाउँपालिकामा वसोवास गर्ने गरिब तथा निमुखा जनताका छोराछोरीले पढ्ने सामुदायिक विद्यालयलाई सुधार गरी गुणस्तरीय शिक्षा दिने अभियानले गति लिएको छ । यसको परिणाम स्वरुप प्रकाश ज्योति मा.वि.मा यस वर्ष विद्यार्थीको संख्या वढेको पुगेको छ । गाउँपालिका क्षेत्रभित्र रहेका अन्य ९ वटा विद्यालयमा रहेका शिक्षकहरुलाई एकै ठाउँमा ल्याई नयाँ उत्साह र जोशका साथ पढाउने वातावरण तय गरिएको छ । यस क्षेत्रका जनताले आफ्ना वालवालिकाको उज्जवल भविष्यको सपना देख्न थालेका छन् । विद्यालयको वातावरण फेरिएको छ । न्युन शुल्कमा गुणस्तरीय शिक्षा दिने हाम्रो जुन मिसन थियो उक्त मिसन कार्यान्वयनमा आउँदा मलाई निकै खुशी लागेको छ । यस सपनालाई मूर्त रुप दिन अहोरात्र खट्नुभएका आवासीय विद्यालय व्यवस्थापन तथा सहजीकरण समितिका संयोजक श्री छिरीङ

ग्याल्पो पुनेल, सक्रिय सदस्य श्री मिन वहादुर गुरुङ तथा पासाङ लामा, प्रमुख प्रशासकीय अधिकृत श्री सुमन अधिकारी, विद्यालयका प्र.अ. श्री पद्मराज पन्थी, स्टोरकिपर श्री तेजजंग गुरुङ, सह लेखापाल श्री खिल वहादुर कुमाल लगायत सम्पुर्ण गाउँ कार्यपालिका सदस्य ज्यूहरु, कर्मचारी मित्रहरु, शिक्षक मित्रहरु एवम् सम्पुर्ण सहयोगी हातहरुमा म हार्दिक धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्न चाहन्छु । यहाँहरुले गर्दा नै आज हाम्रो सपना साकार भएको छ । विद्यालय सञ्चालन पछिका दिनमा गठित आवासीय विद्यालय समन्वय समितिका संयोजक श्री मिन वहादुर गुरुङ तथा वहाँको टिम एवम् शिक्षक मित्रहरुले जुन गतिका साथ काम गरिराख्नु भएको छ, त्यो अत्यन्तै सराहनीय छ । यसका लागि म खुशी प्रकट गर्दै आगामी दिनमा समेत यस्तै सक्रिय सहभागिता र मेहनतको अपेक्षा गर्दछु ।

४. आ.ब. २०७५।७६ मा सञ्चालित विपन्न दलित आवास कार्यक्रम कार्यान्वयनको चरणमा छ । अत्यन्तै गरिब, निमुखा दलितहरुको पक्षमा हामीले जुन उत्साहका साथ काम गरेका छौँ, त्यो अन्य स्थानीय तहहरुका लागि पनि अनुकरणीय छ, भन्ने मैले ठानेको छु । राज्य र समाजले पछाडी पारेको समुदायको स्तर उकास्न, विकासको मुलधारमा ल्याउन हामीले दलित आवास कार्यक्रम सञ्चालन गरेका थियौं । जसको परिणामस्वरुप आज दलितहरुको सुरक्षित आवास धमाधम निर्माण भैरहेको छ, गरिबहरुलाई सरकारको उपस्थिति महशुस भएको छ । यसमा हामी गर्व गर्न सक्छौं । संघीय सरकारले नीति ल्याएको तर कार्यान्वयन गर्न नसकेको कार्यक्रम नासों गाउँपालिकाले कार्यान्वयनमा ल्याएको छ । जसले गर्दा संघीयता कार्यान्वयनमा थप वल पुगेको छ ।

५. नासों गाउँपालिकाले पर्यटकीय पदमार्गहरुको स्तरोन्नति, पर्यटन प्रवर्द्धनका लागि गाउँपालिकाको वृत्तचित्र निर्माण लगायतको कार्य धमाधम अगाडी वढाईरहेको छ । नासों गाउँपालिका चक्रीय पर्यटकीय पदमार्ग निर्माणका चरणमा विभिन्न खण्डमा कार्य भैरहेको छ । फलस्वरुप पर्यटकीय पदमार्गमा नपरेका छायाँमा परेका नासों २ नाचै गाउँ तथा नासों ८ ताचै गाउँमा विदेशी पर्यटकहरु आउने क्रम वढेको छ जसले गर्दा ग्रामीण जनताको आयस्तरमा विस्तारै सुधार हुन थालेको छ ।

६. नासों गाउँपालिकाको संस्थागत क्षमतामा पनि विस्तारै सुधार आउँदै गएको छ । संघीयताका सुरुसुरुका दिनमा भन्दा गाउँपालिकाले काम गर्ने क्षमता, विकासको गति तथा अन्य यावत विकास तथा चुस्त दुरुस्त सेवा प्रवाह सम्वन्धि गतिविधिहरुमा हाम्रो ध्यान केन्द्रित भएको छ । हामी कसरी हाम्रो गाउँपालिकाको विकास गर्ने, कसरी यस ठाउँका जनताको आयस्तर उकास्ने, कसरी हाम्रो जीवनलाई गुणस्तरीय वनाउने भन्ने



चन्द्र घले
अध्यक्ष

दिशातिर लागि परेका छौं । आगामी दिनमा हाम्रो आजको काम र मेहनतले अवश्य नै सुन्दर परिणाम दिनेछ भन्ने विश्वास लिएको छु ।

उपस्थित महानुभावहरु,
अव म आगामी आ.ब.मा गाउँपालिकाले विकास निर्माण तथा सेवा प्रवाहको क्षेत्रमा के कस्तो नीति लिनेछ, उक्त नीतिलाई कसरी कार्यान्वयन गर्ने, वजेटका सिद्धान्त र प्राथमिकताका क्षेत्रहरु के के हुने भन्ने विषयमा उजागर गर्न चाहन्छु ।

७. नासौं गाउँपालिकाले आगामी आ.ब. २०७६।७७ मा प्रस्तुत गर्ने वजेटले संघीय सरकारले अगाडी सारेको ***"समृद्ध नेपाल, सुखी नेपाली"*** भन्ने मुल सिद्धान्तलाई आत्मसात गर्नेछ । यस गाउँपालिकाले स्थानीय विकासको माध्यमबाट समग्र राज्यको विकासको परिकल्पना गरेको छ । तसर्थ, हरेक वस्ती, गाउँ र टोललाई गाउँपालिकाका इकाइ मानी ती समग्र इकाइको विकासका लागि गाउँपालिकाले ध्यान केन्द्रित गर्ने कुरा अवगत गराउन चाहन्छु । गाउँपालिकाका वजेटका प्राथमिकताका क्षेत्रहरु निम्नानुसार छन् :

१. गुणस्तरीय विद्यालय शिक्षा
२. आधारभूत स्वास्थ्य सेवा
३. पर्यटन
४. गाउँपालिकाको संस्थागत क्षमता विकास
५. रोजगारी
६. भौतिक पूर्वाधार विकास
७. लैंगिक समानता र सामाजिक समावेशीकरण
८. प्रभावकारी सेवा प्रवाह
९. विपद् व्यवस्थापन
१०. उच्चतम राजश्व परिचालन

८. विकासको सवैभन्दा महत्वपूर्ण पूर्वाधार शिक्षा हो । जवसम्म यस गाउँपालिकाका वालवालिकाले गुणस्तरीय शिक्षा प्राप्त गर्न सक्दैनन् तवसम्म हामीले अगाडी वढाएका विकास निर्माणका क्रियाकलापहरु दिगो र स्थायी हुन सक्दैनन् । उच्च नैतिक चरित्र भएका, मेधावी तथा दक्ष नागरिक उत्पादन गर्नका लागि यस शैक्षिक सत्रवाट नै हामीले सुरुवात गरेको आवासीय विद्यालयमा आधारभूत शैक्षिक पूर्वाधार निर्माण तथा विद्यालयको समग्र व्यवस्थापनका लागि गाउँपालिकाले वजेटमा प्राथमिकता दिनेछ । जसका लागि विद्यालयका लागि आवश्यक जग्गा खरिद भवन


चन्द्र घले

निर्माण लगायतका लागि प्रदेश सरकारसँगको सहकार्यमा लगानी गरी करिब ५०० विद्यार्थी क्षमताको आधुनिक सुविधासम्पन्न विद्यालय वनाउन कार्यक्रम अगाडी बढाईनेछ । यसका लागि प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको सहकार्यमा विद्यालयको गुरुयोजना तथा विस्तृत परियोजना प्रतिवेदन तैयारीको कार्य अन्तिम चरणमा पुगिसकेको छ ।

९. स्वास्थ्य क्षेत्रमा हामी निकै पछाडी छौं । कम जनसंख्या भएतापनि गाउँपालिका क्षेत्रभित्र वसोवास गर्ने सम्पूर्ण जनताको सुविधाका लागि गुणस्तरीय आधारभूत स्वास्थ्य सुविधा पुर्याउनका लागि हामी प्रतिवद्ध छौं । गाउँपालिकाले यस आ.ब.मा करिब १५ शैयाको अस्पताल निर्माणका लागि जग्गा प्राप्ती गर्ने, अस्पतालको विस्तृत परियोजना प्रतिवेदन (DPR) तैयारी गरी अस्पताल निर्माणका लागि सहकार्य गर्न वजेट श्रोत खोज्ने कार्य अगाडी वढाईनेछ ।

१०. नासौं गाउँपालिका हाल साविक धारापानी गा.वि.स.को भवनबाट सञ्चालन भैराखेको छ, हाम्रो कार्यक्षेत्र, व्यापक दायरा तथा संगठनात्मक ढाँचाले हाल उक्त भवन अपर्याप्त भै राखेको अवस्थामा गाउँपालिकाको भवन वनाउनका लागि जग्गा खरिद तथा विस्तृत परियोजना प्रतिवेदन (DPR) तैयारी कार्यलाई यस आ.ब.मा वजेटमा प्राथमिकताका साथ अगाडी वढाईने छ ।

११. गाउँपालिकाले गत वर्ष सुरुवात गरेका विकास निर्माणका अधुरा कार्यक्रमहरुलाई सम्पन्न गर्नका लागि प्राथमिकताका साथ कार्य अगाडी वढाउनेछ ।

१२. गाउँपालिकाका योजनाहरुलाई समयमा नै सम्पन्न गर्न, कम लागतमा प्रभावकारी कार्य गर्नका लागि सार्वजनिक खरिद कानुन अनुसार उपयुक्त विधिको छनौट गरी परियोजनाहरुलाई कार्यान्वयन गरिनेछ ।

१३. नासौं गाउँपालिका क्षेत्रमा बुटबल पावर कम्पनी र चिनिया साझेदारहरुले बनाउन लागेका जलविद्युत आयोजनाहरुमा नासौं गाउँबासी र यस क्षेत्रमा कार्यरत कर्मचारीको लागि न्युनतम १० प्रतिशत शेयरमा लगानी गर्न पाउने तथा परियोजनाको लाभ प्रत्यक्ष रुपमा गाउँपालिकावासीले लिन पाउने गरी आयोजनासँग समन्वय र छलफल गरिनेछ । जलविद्युत कम्पनीहरुसँग गाउँपालिकाको पूर्वाधार विकास तथा शिक्षा स्वास्थ्य र रोजगारीका विषयमा सौदावाजी गरिनेछ ।

१४. नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रले अत्यन्तै ठुलो हिस्सा ओगटेको छ । नासौं गाउँपालिका मनाङ जिल्लाको अन्य क्षेत्रभन्दा कृषियोग्य भूमाग धैरै भएको क्षेत्र हो ।

अवको पाँच वर्षभित्र नासौं गाउँपालिकालाई तरकारीमा आत्मनिर्भर बनाउने लक्ष्य राखिएको छ । यस गाउँपालिकाका विभिन्न क्षेत्रहरुलाई विशिष्टीकरण गरी सोही अनुरुप कृषिमा आधुनिकीकरण तथा माटो सुहाउँदो बाली लगाई कृषि उत्पादनमा बृद्धि गर्नु आवश्यक ठानी माटो परिक्षण, उन्नत विउबीजन वितरण, रासायनिक मलमा ढुवानी अनुदान, लागत साझेदारीमा ग्रीन हाउस वितरण, कृषि अनुसन्धान र परामर्श लगायत यान्त्रीकरण मार्फत कृषिमा आधुनिकीकरण कार्यको थालनी गरिनेछ । यसका लागि प्रदेश सरकार तथा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना समक्ष समन्वय तथा सहकार्य गरिनेछ ।

१५. नासौं गाउँपालिका पशुपालनका लागि अत्यन्तै सम्भावनायुक्त ठाउँ भएकाले पशुपालन मार्फत यहाँका जनताको आयस्तर उकास्ने र ५ वर्षभित्र मासुमा आत्मनिर्भर हुने योजनासहित यो आर्थिक वर्षमा पशु विकास कार्यक्रमलाई समेत प्राथमिकतामा राखी वजेट विनियोजन गरिनेछ ।

१६. आगामी आ.ब.मा उपभोग्य वस्तुको मूल्य निर्धारण गर्ने, स्वस्थ प्रतिस्पर्धात्मक वजारको सुनिश्चितता गर्ने, जनताले उचित मुल्यमा वस्तु तथा सेवाको उपभोग गर्न पाउने व्यवस्था मिलाईनेछ ।

१७. आगामी आ.ब.को वजेट तैयारीका लागि दत्तचित्त भएर लाग्न, वढि भन्दा वढि जनउपयोगी र विकासका क्षेत्रमा वजेटको उपयोग गर्न एवम् समयमा नै पूर्ण आकारको वजेट तैयारीका लागि उपस्थित सम्पूर्ण कार्यपालिका सदस्यहरु, गाउँसभा सदस्यहरु तथा समग्र कर्मचारी परिवारलाई हार्दिक अपिल गर्न चाहन्छु ।

धन्यवाद ।

चन्द्र घले
अध्यक्ष